चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ | चापाकोट | २०७७ फाल्गुण ०४ गते | संख्या : ६

## भाग २

## नगरपालिकाको सरसफाई तथा फोहर व्यवस्थापन कार्यविधि, २०७७

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ चापाकोट २०७७ फाल्गुण ०४ गते संख्या : ६

## भाग २

## नगरपालिकाको सरसफाई तथा फोहर व्यवस्थापन कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७/११/०४

**प्रस्तावना** : फोहरमैला लाई श्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट  जनस्वास्थ्य तथा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहर मैला व्यवस्थापन जस्ता अत्यन्त जरुरी सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न नेपाल सरकारले "फोहरमैला व्यवस्थापन ऐन, २०६८" जारी गरी उक्त ऐनको दफा ३ ले फोहरमैलाका व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल  साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन ,अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन  गर्ने साथै फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएका वा राखिएका फोहरमैला वा सरसफाईका सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिम बाट प्रयोग गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था गरेको छ। साथै नगरका वातावरणलाइ स्वच्छ, सफा र हराभरा

राखिराख्न नगरले लगानी गर्नुपर्ने अवस्था छ । नगरले वातावरणलाइ संरक्षण र प्रवर्द्धन गर्न एकैपटक ठूलो लगानी गर्नुपर्ने हुनसक्छ, जुन लगानी गर्न तत्काल नगरपालिकामा सम्भव छैन । तसर्थ विकासका हरेक गतीविधीहरुलाइ वातावरण मैत्री बनाउँदै उपभोक्ता समिति बाट सम्पादन हुने आयोजनाहरुको निश्चीत प्रतिशत रकम वातावरण तथा जलवायू अनुकूलन कोषमा कट्टागरी राख्दा उपयुक्त हुने कुरा समेत समावेश गरीएको छ ।

चापाकोट नगरपालिका तत्काल फोहोरमैला व्यवस्थापनका कार्यहरु नगरेमा कालान्तरमा जनसंख्याको चाप र विकास गतिविधीहरुको बृद्धि सँगै फोहोर व्यवस्थापन चुनौतिको रुपमा देखिने अबश्यम्भावी छ। दिन प्रतिदिन बढदै गएकोप्लाष्टिक जन्य फोहरले नगरका समग्र वातावरण र सुन्दरतामा प्रतिकुल प्रभाव पार्दै लैजाने कुरामा दुईमत छैन । त्यसैले नगरको फोहर व्यवस्थापन तथा प्लाष्टिकजन्य झोलाहरुको नियमन र व्यवस्थापन गर्न वान्छनीय भएको ले, फोहरमैला व्यवस्थापन ऐनको दफा ५१ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम चापाकोट नगरपालिका नगरकार्यपालिकाको निर्णयानुसार यो कार्यविधी स्वीकृत गरी लागू गरिनेछ ।

## परिच्छेद–१
## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधीको नाम चापाकोट नगरपालिकाको “नगरपालिकाको सरसफाई तथा फोहर व्यवस्थापन कार्यविधी, २०७७” रहने छ ।

(ख) यो कार्यविधी चापाकोट नगरपालिकाको नगर सभाबाट स्वीकृत भए पछि लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

संबिधान भन्नाले नेपालको संविधान (पहिलो संशोधन), २०७२ सम्झनुपर्छ ।

(क) "**ऐन**" भन्नाले फोहरमैला व्यवस्थापन ऐन,२०६८ सम्झनुपर्छ ।

(ख) "**स्थानीय सरकार संचालन ऐन भन्नाले**" स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(घ) "**नगरपालिका**" भन्नाले चापाकोट नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "**नगरप्रमुख**" भन्नाले ऐनको दफा ८० बमोजिम चापाकोट नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित बहालवाला नगरप्रमुख वा नगरप्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनुपर्छ ।

(च) "**सार्वजनिक नीजि साझदारी**" भन्नाले सार्वजनिक क्षेत्र(नगरपालिका) र नीजिक्षेत्रका वीचमा कुनकाम गर्ने सम्बन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ,लागत र जोखीमका साझेदारीलाइ सम्झनुपर्दछ ।

(छ) "**स्वीपर**" भन्नाले यस नगरपालिकाको स्वीपर अथवा कुचिकार भइ काम गर्न नियुक्त कर्मचारी सम्झनुपर्छ ।

(ज) "**अधिकार प्राप्त निकाय वा ब्यक्ति**" भन्नाले यस कार्यविधीले तोकेका केही वा सबै कार्यका कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेका कुनै संस्था, अधिकारी वा कर्मचारीलाइ जनाउनुका साथै यस शब्दले कार्यकारी अधिकृतलाई समेत जनाउनेछ ।

(झ) "**टोलविकास संस्था**" भन्नाले सहरी समाज परिचालनको माध्यमद्धारा निश्चित प्रक्रिया पुरा गरी स्थानीय स्तरका सबै घरधुरी सदस्य रहने गरी स्थापना भई नगरपालिकामा सुचिकृत भएका सामुदायिक संस्थालाई जनाउने छ ।

(ञ) "**नीजिक्षेत्र**" भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोलविकास संस्था वा क्लब वा सामाजिक संघ संस्था लगयात यसले राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्था समेतलाइ

जनाउने छ ।

(ट) "**वातावरण भन्नाले**" प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचका अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(ठ) "**तोकिएको वा तोकिदिएको**" भन्नाले वेलावेलामा वातावरण,जलबायू अनुकूलन र फोहरमैला व्यवस्थापनका सम्बन्धमा नगरपालिकाले निर्णय गरी तोकिएको वा तोकिदिएका बिषयलाइ जनाउने छ ।

## परिच्छेद–२
## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **यस कार्यविधीको पालना गर्नु सबैको कर्तव्य हुने** : यस नगरमा स्थायी वा अस्थायी रुपले बसोवास गर्ने,उद्योग,ब्यापार,ब्यवसायगर्ने,अध्ययन, औषधोपचार, पर्यटन तथा ब्यवसायीक रुपले आवतजावत गर्ने आदि सबै ले फोहोरमैला ब्यवस्थापन सम्वन्धि देहाय बमोजिमको कार्य अनिवार्य गर्नुपर्नेछ ।

४. **जथाभावि फोहरमैला फाल्न वा विसर्जन गर्न नपाइने** : उद्योग, ब्यापार ब्यवसाय,पसल,भवन आदिबाट निस्कने फोहोरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा पेटी सडक नाला, खालीस्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न,राख्न,वाथुपार्न पाईने छैन । आ-आफनो घर, पसलका कुहिने प्रकृतिको फोहोरलाई एउटा डष्टवीन(टोकरी)मा र नकुहिने प्रकृतिका फोहोरलाई अर्को डष्टवीन (टोकरी) मा राखी नगरपालिकाको सरसफाइ कर्मचारी वा साधन आएपछी जिम्मा लगाउन पर्नेछ ।

५. सरसफाई कर्मीहरुले टोल, सडक सफाई गरी गई सकेपछि कुनै पनि किसिमका फोहोरघर, पसल वाहिर वा सार्वजनिक स्थलमा राख्न फयाक्न, थुपार्न पाइने छैन ।

६. सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

७. तोकिएका स्थान भन्दा वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनैपनि किसिमको ब्यवसाय गर्नपाईने छैन ।

८. सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनैपनि चिज बस्तु फाल्न थुपार्न पाइने छैन ।

९. सेफ्टी ट्याङ्की वा शौचालय बाट निस्कने फोहोर जथाभावी बाहिर वा ढलमा निस्कासन गर्न पाउनेछैन ।

१०. अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरी बाट निस्कने संक्रामक र खतराजन्य फोहोरसडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न,वा निश्कासन गर्न पाइने छैन । त्यस्ता फोहोरकासुरक्षीत तवरले अन्तिम निस्कासन गर्ने ब्यवस्था सम्वन्धित निकायहरुले आफुले नै गर्नुपर्नेछ । स्वास्थ्य केन्द्रका संक्रामक फोहोरहरु कुनै पनि हालतमा अन्य फोहोरहरुसंग निश्कासन गर्न पाईनेछैन ।

११. औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहोरमैला जथाभावी फाल्न, राख्न वा निस्कासन गर्न पाईने छैन। उद्योग खोल्दाका वखतको शर्त एवं वातावरण संरक्षण सम्वन्धि ऐननियम कार्यविधीमा ब्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई अन्तिम निष्कासन गर्ने ब्यवस्था सम्वन्धित प्रतिष्ठान वा उद्योगले गर्नुपर्ने छ ।

१२. उद्योग, पसल, घर ,सार्वजनिक प्रतिष्ठान सरकारी र गैर सरकारी प्रतिष्ठान, विद्यालयहरुलाई अनिवार्य रुपमा डष्टवीन (टोकरी) कन्टेनर वा कम्पोष्ट वीन राख्न नगरपालिकाले अनिवार्य गर्नसक्ने छ ।

१३. नगरपालिकाले संकलन भएको फोहोरमैलालाई ब्यवस्थित रुपले तहलगाई नगर सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले संभाब्य र उपयुक्त ठहरिएको एक वा एकभन्दा बढी स्थानमा कम्पोष्ट चेम्वर,फोहोरमैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Landfill site) को ब्यवस्था गर्न सक्नेछ ।

१४. नगरपालिकाले फोहारमैलालाई श्रोत (घर, पसल आदि)मा कुहिने र नकुहिने गरी छुट्टयाउने आदेश दिई सोही अनुसार संकलन गरी त्यसलाई व्यवस्थित गर्ने छ वा कुहिने प्रकृतिका फोहोरलाई श्रोतमा नै कम गन एक चुला एक कम्पोष्टवीनको नीति लागूगर्न सक्ने छ ।

१५. नगरपालिकाले संकलन भएका फोहोरमैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुटयाइ त्यस्का अन्तिम  निस्काशनको समुचित व्यवस्था गर्ने छ ।

१६. नगरपालिकाले निजी वा सार्वजनिक फोहोरमैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक व्यवस्था गर्ने छ ।

१७ नगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी निजी वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहोरमैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमबाट संचय, निस्कासन वा नष्ट गर्न निषेध गर्न सक्ने छ।

१८. नगरपालिकाले नगर क्षेत्रमा फोहोरमैला ब्यवस्थित वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुसार निरीक्षण टोली खटाउन वा स्थानीय टोल विकास संस्थालाई जिम्मेवारी दिन सक्ने छ । यस कार्यमा सहयोग गर्नु सबैको प्रमुख कर्तब्य हुनेछ ।

१९. नगरपालिकाले उपलब्ध गराएका सडक, फोहोरमैला ब्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने उद्योग, ब्यवसाय र नगरवासीहरुले नगरपालिकाले समयसमयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्ने छ ।

२०. नगरपालिकाले नगर क्षेत्र भित्रका पुनः प्रयोग हुन सक्ने मालसामान संकलन गर्ने संकलन कर्ता (कवाडीवाला) लाई प्रोत्साहित गर्न सक्ने छ।

२१. वातावरण तथा सरसफाईलाई प्रतिकुल पर्ने गरी अनुसुची-१ बमोजिमको उद्योग ब्यापार ब्यवसाय संचालन गर्न रोक लगाउन सकिने छ ।

२२. सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर पर्ने गरी निर्माण

सामाग्री, यातायातका साधन आदि राख्न पाइने छैन ।

२३ सार्वजनिक स्थल, सडक, नाला र भवनलाई अवरोध हुने गरी चौपाया बाध्ने, चराउने, पगाहा लगाउने वा राख्न पाईने छैन ।

२४. टोल विकास संस्था गठन नभए सम्मका लागि स्थानिय समुदायलाई टोल विकास संस्थाको रुपमा विकास गर्न सकिनेछ ।

**२५. विशेष सरसफाइ क्षेत्र तोक्न सक्नेः–**

(क) नगरका सौन्दर्यतालाई बचाई नगरका इज्जत प्रतिष्ठा बृद्धिका लागि नगरका मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ (मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाइ चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

(ख) विशेष सरसफाई क्षेत्र घोषणा भएका महत्व र संवेदनशीलता लाई ध्यानमा राखी नगरपालिकाले त्यस्ता स्थानमा कुनै पनि किसिमका फोहोर मैला फाल्न, थुपार्न वा अनुसुची-१ बमोजिमको कुनै काम गर्न गराउन निषेध गर्न सक्नेछ ।

(ग) कुनै टोलविकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाइ क्षेत्र तोक्न अनुरोध भई आएमा नगरपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ ।

(घ) ठोस फोहोर मैला ब्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई नगरपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्नेछ ।

**२६. फोहोर उत्पादन गर्ने प्रकृतिका ब्यवसाय संचालन**

(क) नगरपालिका क्षेत्रभित्र इजाजत लिएर ब्यवसाय संचालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका ब्यवसाय जस्तै होटल, रेष्टुरा, मिठाई पसल, माछामासु विक्री पसल आदी सञ्चालन गर्ने व्यक्तिलाई देहाय बमोजिमका ब्यवस्था गर्नुपर्नेछ ।

(१) ब्यवसाय स्थल, स्वच्छ र सफा राख्नु पर्नेछ ।

(२) विक्री गर्ने बस्त ुवा खाने कुरालाइ राम्रोसंग छोपेर वा

जालि भएका दराजमा बन्द गरी राख्नु पर्ने छ । अन्यथा विक्रीवितरणमा नगरपालिकाले बन्देज लगाउन सक्ने छ।

(३) काम गर्ने ब्यक्तिको ब्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्ने छ जस्तै : लुगा सफा हुनु पर्ने छ र हातखुट्टा कान,नङकाटेको हुनु पर्ने छ ।

(४) खाने बस्तु तयार गर्ने, पकाउने र भाडा माझ्ने ठाउँ विक्री गर्ने वा खाने ठाउँ भन्दा कम्तिमा ५ मिटरको दुरीमा हुनु पर्ने छ ।

(५) पसलका भुई, पकाउने ठाउँ सजिलोसंग सफा गर्न हुने र गर्न सकिने हुनुपर्दछ साथै पसलमा पर्याप्त मात्रामा पानीको नियमित आपुर्ति भएको हुनु पर्ने छ ।

(६) पकाउने,खाना ल्याउने(वेटर), प्याक गर्ने, तौलन ब्यक्तिलाई एप्रोन लगाउन नगरपालिकाले क्रमशःअनिवार्य गर्न सक्ने छ ।

(७) खाने,पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाडाकुडा सफा गरी सकेपछि त्यसलाई पोटास पानीमा पखालेर सफा कपडाले पुछेर मात्र पूनःप्रयोगमा ल्याउनु पर्ने छ ।

(८) खाने ठाउँको टेवल सफा गर्दा एन्टिसेप्टीक औषधीको प्रयोग गर्नु पर्ने छ ।

(९) काम गर्ने ब्यत्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्ने छ । घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइने छैन ।

(१०) वासी सडेगलेका तथा झिंगा भन्केका खाने कुरा वा स्वास्थ्यकालागि हानीकारक भनि प्रमाणित रंग, रसायन वा अन्य कुनै अखाद्य बस्तु प्रयोग गरिएका खानेकुरा, वासी सडेगलेका, झिंगा भन्केका माछामासु, रोगलागि

मरेका पशुपन्छीको मासु वा वासी मासु बेच्न पाइने छैन।

(११) पानी सफा र पिउन लायकका हुनु पर्ने छ ।

(१२) पसल अगाडीको नालामा नियमित रुपमा सफा गर्नुका साथै फिनेल वा किटनासक औषधी छर्किनु पर्ने छ ।

(१३) पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी बनाइएको हुनु पर्ने छ ।

१४. पसलका भुइ सिमेण्ट प्लाष्टर हुनुका साथै पसलमा पऱ्याप्त मात्रामा पानीको नियमित आपूर्ति भएको हुनु पर्ने छ ।

१५ .पसलमा ब्यवस्थित शौचालयको समुचित प्रवन्ध भएको हुनु पर्ने छ ।

१६. पसलमा विक्री गरिने वस्तुहरुको मुल्य सूची , नगरपालिका बाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नुपर्नेछ।

(१७) पसलहरु विशेष परिस्थितीमा बाहेक विहान ५ बजे देखी राती बढीमा १० बजे सम्म मात्र खुल्ला राख्न पाइने छ।

(१८) पसलबाट निस्किएको फोहोर लाइ ब्यवस्थित गर्न डष्टवीन (टोकरी), कन्टेनर कोब्यवस्था गर्नुपर्नेछ । जथाभावी फोहोर फाल्न पाइने छैन ।

(१९) कुहिने जातीको फोहोरलाइ कम्पोष्ट वीनमा राखी कम्पोष्टीङ्ग गर्ने ब्यवस्था ब्यवसायी आफैले मिलाउनु पर्नेछ ।

(२०) होटल पसल अगाडि वा सडक किनारामा चुलो बाल्न, सेकुवा आदि पोल्न र सडक पेटी लाछी पाईने छैन ।

(२१) उपभोक्ता संरक्षण ऐन नियमका उलंघन नहुने गरी उद्योग ब्यापार ब्यवसाय गर्नुपर्नेछ ।

(ख) एकै प्रकृतिका ब्यवसायलाई एउटा क्षेत्रमा संचालन गर्दा फोहोर

मैला व्यवस्थापन कार्यमा सरलता आउने हुँदा फोहोर बढी मात्रामा पैदा हुने व्यवसायहरु जस्तै : तरकारी पसल, माछा मासु पसल, कपाल काटने शैलुन, जस्ता व्यवसायहरु नगरपालिकाले निश्चित क्षेत्रमा मात्र व्यवसाय गर्न पाउने गरी क्षेत्र निर्धारण गर्न सक्ने वा नगरपालिकाको निश्चित क्षेत्रमा कुनै व्यवसाय संचालन गर्न निषेध गर्न सक्नेछ ।

(ग) पशु बध गर्दा नगरपालिकाले तोकेका स्थानमा बध गरी सकेपछि त्यसबाट निस्किएको फोहोर मैला नगरपालिकाले तोकेको स्थानमा लगी जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ । यो सुविधा उपलब्ध गराए वापत नगरपालिकाले सरसफाई सेवा शुल्क लगाउन सक्ने छ ।

(घ) नगरको मुख्य क्षेत्र वा मन्दिर वा सामुदायीक विद्यालय वा क्याम्पस वा अस्पताल वा सरकारी भवन वा सार्वजनिक शौचालय आदि को १०० (सय) मिटर वरपर माछा मासु काटमार वा विक्री वितरण गर्न पाईने छैन ।

## परिच्छेद–३

### २७. सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था

(क) नगरका फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्ने छ ।

(ख) यसरी सार्वजनिक नीजि साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा स्थानीय सरकार संचालन ऐन, स्थानीय निकाय आर्थिक प्रशासन नीयमावली २०६४ लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुने छ ।

(ग) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जाखिम दुबै पक्षमा रहने गरी व्यवस्थापन गरिने छ ।

(घ) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका नीजि क्षेत्रलाइ साझेदारका रुपमा लिइने छ ।

(ङ) स्थानीय क्लब, सामुदायिक संस्था, टोलविकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरुलाई नीजि क्षेत्रका रुपमा लिन सकिने छ ।

(च) विभिन्न स्थानमा फरक फरक नीजि क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एकरुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा नगर स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

(छ) फोहोरमैला व्यवस्थापन गर्न नगरपालिकाले फोहरमैला उत्पादक सँग सरसफाइ सेवा शुल्क लिनेछ। यसरी लिने शुल्क नगरपालिकाले तोकिदिए बमोजिम हुने छ ।

(ज) सहज र सरल रुपमा फोहरमैलाका व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रका बहु उपयोग हुने गरी तयार गर्नेछ र यसको प्रयोग नगरपालिकाको सम्पूर्ण सेवा सुविधा सँग जोड्न सक्ने छ ।

## परिच्छेद–४

## प्लाष्टिक झोला तथा प्लाष्टिकका बस्तुहरुको प्रयोग सम्बन्धी व्यवस्था

**२८. प्लाष्टिक झोला प्रयोग गर्न निषेध**

(क) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरका प्लाष्टीकको झोला, थैला आदि विक्री वितरण तथा प्रयोगमा रोक लगाईने छ ।

(ख) माछा, मासु, विस्कुट, पाउरोटी, चाउमीन आदि बस्तुहरु कम गुणस्तरका प्लाष्टिकका झोला थैला आदिमा पोकोपारी वा वण्डल बाँधी वा प्याक गरी विक्री वितरण वा प्रयोग गर्न पाइने छैन ।

(ग) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भई आएका प्लाष्टीक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन बस्तीमा फ्याक्न पाइने छैन ।

(घ) माथी (ग) मा उल्लेखित कम्पनीबाट प्याकिङ्ग भई आएका प्लाष्टिक आदि एकत्रित गरी नगरपालिकाको सरसफाई टोलीलाइ छुट्टै जिम्मा लगाउनु पर्नेछ वा आफै तहलगाउनु पर्नेछ ।

(ङ) प्लाष्टिक झोलाहरु जो पुर्नचक्रण गर्न नसकिने प्रकृतिका हुन्छन तिनीहरुको प्रयोगमा नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्ने छ ।

(च) कुनै चिज वस्तु प्याकिंग भई आएका प्लाष्टिक जन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्ने छ ।

(ज) पुर्नचक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोग कर्ताले आफै विक्रि वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकिदिएको स्थान सम्म पुऱ्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोग कर्ताको हुने छ ।

(झ) प्लाष्टिक जन्य बस्तुहरु नगरपालिकाले तोकिदिएका स्थानबाट मात्र पुनरचक्रणको लागि संकलन गर्न सकिने छ । यसरी संकलन गर्दा नगरपालिकाले तोकिदिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिने छ ।

(ञ) कुनै पनि प्रकारका प्लाष्टिक जन्य बस्तुहरु अन्य फोहरमैला सँग

मिसाई राख्न पाइने छैन । यसलाइ छुट्टै पोका, भाँडा वा वोरामा राखी नगरपालिकाबाट खटिने फोहरमैला संकलक लाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ ।

## परिच्छेद-५

२९. **वातावरण संरक्षण एवं जलवायू अनुकूलका सम्बन्धमा :-**

(क) नगरलाई हरियाली हराभरा वनाउनका लागि टोल विकास संस्था वा उपभोक्ता समिति वा सामाजिक संघ संस्था वा वडावासीहरुले आ-आफनो टोल, सडक किनार सार्वजनिक स्थलमा बृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ । त्यस्को संरक्षणको लागि नगरपालिकाले टोकरी उपलब्ध गराउन सक्नेछ ।

(ख) आफनो भवन अगाडी सार्वजनिक स्थान, सडक किनारामा आफै बृक्षारोपण गरी संरक्षण गरी ५ फिटको रुखजातिका विरुवा हुर्काएमा नगरपालिकाले प्रति विरुवाको हिसावले पुरस्कारका ब्यवस्था गर्ने छ । तर बृक्षारोपण गरेको अवस्थामा नगरपालिकालाई जानकारी गराएको

(ग) चापाकोट नगरको बातावरणलाई स्वच्छ, सफा र हराभरा राख्न सो संग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सरोकार भएका उद्योग ब्यवसाय, एवं सरकारी, गैरसरकारी संघसंस्था समितिहरुको प्रतिनिधित्व रहने गरी नगर प्रमुखको संयोजकत्वमा वातावरण संरक्षण एवम जलवायू अनुकूलन समिति नगरपालिकाले गठन गर्न सक्ने छ। सो समितिले वातावरण संरक्षणका विषयमा राय, सल्लाह र सुझाव नगरपालिकालाई दिनेछ ।

(घ) भवन निर्माण इजाजत-पत्र दिंदा घरका परिसर भित्र कम्तिमा २ (दुई) वटा रुख जातिका विरुवा रोप्न नगरपालिकाले अनिवार्य गर्न सक्नेछ ।

(ङ) सार्वजनिक स्थल र सडक किनारामा बृक्षारोपण गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(च) जलवायू परिवर्तन बाट पर्ने प्रतिकुल असरलाइ न्यूनिकरण गर्न नगरपालिका आफैले वा विभिन्न साझेदारहरु सँग मिलि अनुकलन कार्यक्रमहरु संचालन गर्ने छ ।

(छ) सडक लगायतका सार्वजनिक निर्माण गर्दा वृक्षारोपण गर्ने विषयलाई आयोजनाका अभिन्न अंगको रुपमा स्थापित गरीने छ ।

## परिच्छेद–६

**३०. छाडा तथा बहुला कुकुर नियन्त्रण :–**

(क) नगरवासीले पालेका कुकुरलाई नगरपालिकाले तोकिदिए बमोजिमको पेटी अनिवार्य रुपले बाँध्नु पर्नेछ ।

(ख) नगरवासीले पालेका कुकुरलाई समय समयमा रेविज विरुद्धका सुई लगाउनु पर्नेछ ।

(ग) पेटी नबाँधिएका वा छाडा छाडिएका वा बहुला कुकुरहरु नगरपालिकाले मार्न लगाउन सक्नेछ ।

(घ) घर पालुवा कुकुरहरुले गर्ने फोहार सम्बन्धित धनिले नै व्यवस्थापन गर्नु पर्ने छ । यसरी व्यवस्थापन गर्दा सार्वजनिक जग्गा वा सडक क्षेत्रमा गर्न पाईने छैन ।

**३१. छाडा पशुपंक्षी नियन्त्रण :**

(क) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात पैदलयात्रीहरुलाई कठीनाई पुर्‍याउने वा नगर क्षेत्रका स्वच्छता र सौन्दर्यतामा खलल पुर्‍याउने हिसावबाट सुंगुर, वंगुर, हाँस, घोडा, खच्चर, गधा, गाई, भैंसी, बाख्रा जस्ता चौपाया र पंक्षी छाडा छोडन पाइने छैन ।

(ख) नगरका सौन्दर्यता र जन स्वास्थ्यलाई ध्यानमा राखी कुनै खास

स्थान वा क्षेत्रमा विशेष पशुपंक्षी पाल्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

(ग) नगरपालिकाले नगरक्षेत्र भित्र छाडा छाडिएका चौपायालाई पक्राउ गरी कान्जीहाउसमा राख्नु पर्छ ।

(घ) कान्जी हाउसमा थुनामा रहेको चौपाया बार ७ (सात) दिने सार्वजनिक सूचना गरी लिन आउने अन्यथा लिलाम विक्री हुने सार्वजनिक सूचना गर्नेछ ।

(ङ) ७ दिनको म्याद भित्र चौपाया धनीले चौपाया बुझी नलगेमा त्यस्को ३ दिन भित्र सार्वजनिक डाक बढावढ गरी कार्यालयले लिलाम विक्री गर्नेछ ।

(च) कान्जीहाउसका महसुल दर नगरपालिकाले तोकेबमोजिम हुने छ।

(छ) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई वाँकी सम्पूर्ण रकम नगरपालिकाको कोषमा आम्दानी वाधिने छ ।

(ज) लिलाम विक्रीका सम्पूर्ण प्रकृया पुरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा नगरपालिकाले प्रचलित कानूनले निषेध गरेका चौपाया वाहेकलाइ मार्न वा जुनसुकै प्रकृया अवलम्वन गरी नगरवाहिर पुऱ्याउन सक्नेछ ।

(झ) नगर क्षेत्र भित्र छाडा छाडिएका चौपायाहरु समातेर ल्याउने कर्मचारी, ब्यक्ति, संघसंस्थालाई नगरपालिकाले प्रोत्साहन पुरस्कार प्रदान गर्नेछ ।

३२. **लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने :**

(क) नगरपालिकाले नगर र नगरवासीको हित, समुन्नती, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह तथा शव गाड्ने स्थल तोक्न सक्ने छ ।

(ख) नगरपालिकाले तोकेको स्थल वाहेक अन्यत्र शवहरु दाहासंस्कार गर्न वा गाड्न पाइने छैन ।

(ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पुरा जलाउनु

पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कूनै जनावरले खोतल्न नसक्ने गरी गाड्नु पर्नेछ ।

(घ) नगरपालिकाले सार्वजनिक स्वास्थ्य स्थितिलाई ध्यानमा राखी मरेका चौपाया पंक्षी गाडने स्थल तोक्न सक्ने छ । तोकेका स्थल वाहेक अन्यत्र गाड्न पाइने छैन ।

(ङ) नगरपालिकाले तोकेको स्थलमा शवहरु दाहासंस्कार गर्दा वा गाड्दा वा मरेका चौपायाहरु गाड्दा नगरपालिकाले सेवा शुल्क निर्धारण गर्न सक्नेछ । यस प्रकारका सेवाको उपयोग गरेको अवस्थामा तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

३३. **तुल, साइन वोर्ड आदि सम्वन्धी ब्यवस्था :**

(क) कसैले पनि नगरपालिकाको स्वीकृति वेगर नगरपालिका क्षेत्रभित्रको सार्वजनिक वा पर्ति जमिन वा खम्वा, ल्याम्प पोष्ट, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छतमाथि आफ्ना उद्योग ब्यवसाय, ब्यापारका विज्ञापन वा प्रचार प्रसार हुने गरी तुल, साइनवोर्ड, होडिङ्गवोर्ड वा अन्य कुनै प्रचार सामाग्री खडा गर्न वा जडान गर्न हुँदैन ।

(ख) सामाजिक सद्भाव अभिबृद्धी गर्न वा सार्वजनिक स्वस्थ्य वा उपयोगीताको दृष्टीबाट कुन तुल, साइनवोर्ड, होडिङ्गवोर्ड वा अन्य यस्तै प्रचार सामाग्री हटाउन उपयुक्त छ भन्ने लागेमा त्यस्तो गर्न सम्वन्धित ब्यक्तिलाई आदेश दिन सक्नेछ र सो आदेशका पालना गर्न सम्वन्धित ब्यक्ति वा संस्थाको कर्तब्य हुनेछ ।

(ग) ३३ 'ख' बमोजिमका आदेश पालना नभएमा नगरपालिकाले हटाई तोकिएका जरिवाना समेत लगाउन सक्ने छ ।

(घ) नगरपालिकाले सार्वजनिक वा पर्ति जमिन वा खम्वा, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुन सार्वजनिक भवनको भित्ता वा छत माथि आफनो उद्योग ब्यवसाय वा ब्यापारका विज्ञापन वा प्रचार प्रसार हुने गरी साइनवोर्ड तुल, होडिङ्गवोर्ड वा अन्य यस्तै प्रचार

सामाग्री खडा गर्न वा जडान गर्न तोकिएको शुल्क बुझाएमा म्याद तोकी इजाजत दिन सक्ने छ । तर नगरका सुन्दरता र सुरक्षामा आँच आउने गरी इजाजत दिईने छैन ।

(ङ) सार्वजनिक स्वास्थ्य हानी पुऱ्याउने खालका धुम्रपान, मध्यपान, सुर्ती जस्ता विज्ञापन वा प्रचारका तुल, पर्चा, होडिङ्गवोर्ड, साइनवोर्ड वा अन्य यस्तै प्रचार सामाग्री खडा गर्न वा जडान गर्नमा नगरपालिकाले प्रतिवन्ध लगाउन सक्ने छ ।

**३४. खोलानालामा विषादी, विद्युतीयधराप प्रयोग गर्न निषेध :**

(क) नगरपालिका क्षेत्र भित्र रहेका खोलानाला पोखरी, दह, तलाउ, ताल आदिमा बिषादी वा विद्युतीय धराप प्रयोग गरी माछा मार्न पाइने छैन ।

**३५. उपभोक्ता हित समिति गठन :-**

(क) उपभोक्ताको हक हित संरक्षण गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा सम्वद्ध सरकारी गैरसरकारी निकायका प्रतिनिधि, प्रहरी प्रशासनका प्रतिनिधि, उपभोक्ता संस्थाका प्रतिनिधी, स्वास्थ्य निकाय र उद्योग बाणिज्य संघका प्रतिनिधि साथै नीजि क्षेत्रका प्रतिनिधी आदिहरु सदस्य भएका उपभोक्ता हित संरक्षण समिति नगरपालिकाले गठन गर्न सक्ने छ ।

(ख) माथि (क) मा उल्लेखित समितिले उपभोक्ताहरुलाई चेतनशिल, जागरुक बनाउन विविध उपायका कार्यक्रमहरु अगाडी सार्नेछ ।

**३६. अटेरी ब्यक्तिको कालो सूचीमा नामदर्ताः-**

(क) नगरपालिका क्षेत्र भित्र जथाभावी फोहोरमैला गर्ने वा यस कार्यविधीको उलंघन गर्ने ब्यक्ति, संघ संस्थालाई सो नगर्नका लागि नगरपालिकाले सूचना गर्ने छ । सूचना प्राप्त गरी सकेपछी पनि सम्पर्क नगर्ने वा निर्देशन,सूचनाका उलंघन गर्ने ब्यक्ति संघसंस्थाको नाम नगरपालिकाले अटेरी ब्यक्तिका लागी सूचिमा दर्ता गर्नेछ । अटेरी ब्यक्ति,संघसंस्थाले तोकिएका कार्य नगरे

सम्मका लागि वडा समिति तथा नगरपालिका बाट कुनै किसिमका सिफारिस वा सुविधा प्रदान गरिने छैन ।

३७. **दण्ड सजाय :**

(क) ऐन तथा नियमावली बमोजिम तोकिएको कामकुराहरु उलंघन गर्ने ब्यक्ति वा संघ संस्थालाई सोही ऐन नियमावलीमा तोकिएबमोजिमको दण्ड जरीवाना हुने छ । यस कार्यविधीमा उल्लेख भएका काम कुराहरुको उलंघन गर्ने ब्यक्ति ब्यवसाय, संघसंस्थालाई नगरप्रहरी वा सम्वन्धित शाखाबाट प्रतिवेदन तयार गरी सम्वन्धित वडा समितीका सिफारिसमा नगर प्रमुखल फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड जरीवाना वा सजाय गर्न सक्ने छ ।

(ख) क बमोजिमको जरिवाना रकम असुल नभएसम्म यस कार्यविधीका नं.३६ अनुसार अटेरी व्यक्तिका सूचीमा लागत राखी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का राखिनेछ साथै सरकारी बाँकी सरह असुल उपर गर्नका लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही अघि बढाईने छ ।

(ग) यस कार्यविधीमा उल्लेख भएको कुराहरुमा सोही बमोजिम र अन्य कुराहरुको हकमा ऐन र नियमावली बमोजिम भए नभएका निरीक्षणका लागि नगरपालिकाबाट जनप्रतिनिधी, पदाधिकारी, कर्मचारी तथा नगरप्रहरी निरीक्षण गर्न आएका समयमा घरमालिक वा मेनेजर वा सम्वन्धित व्यक्तिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३८. **बचाउः–**

(क) यस कार्यविधीमा लेखिए बमोजिमका हकमा यसै बमाजिम लागु हुने छ ।

(ख) ऐन तथा नियमावलीमा उल्लेख भएजति सोही बमोजिम लागु हुनेछ ।

(ग) माथि (क) र (ख) मा उल्लेख भए बमोजिम वाहेक अन्यका हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

३९. **यसै कार्यविधि बमोजिम भएको मानिने** : संघियता लागु भईसकेपछि यस कार्यविधि सँग सम्बन्धीत कामकारवाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनूसूची -१

## परिच्छेद-२ को १७ संग सम्वन्धित

नगरपालिकाले निश्चित क्षेत्रमा संचालन गर्न निषेध गर्नसक्ने कार्य वा व्यवसायहरु

१. सुंगुर, वंगुर, कुखुरा, हाँसपालन आदि व्यवसायहरु
२. इटाभट्टा, सेलरमिल, कोइला जम्मा गर्ने व्यवसायहरु
३. तरकारी पसल (हटिया र सब्जी मण्डी वाहेक अन्यत्र)
४. माछा मासु पसलहरु
५. चर्को आवाज, ध्वनी तथा बढी मात्रामा धुलो निस्कन खालका फर्निचर आदि व्यवसाय
६. ग्रीलपत्ती काटने, सडकका वरपर खुल्लारुपमा फलामका वेल्डिङ्ग गर्ने कार्य वा व्यवसाय
७. मुख्य, मुख्य सडकमा मेकानिकल वर्कसप, टायर मर्मत आदि कार्य वा व्यवसायहरु
८. नगरका सौन्दर्य वा जनस्वास्थ्यमा असर पर्ने खालका अन्य कुनै कार्य वा उद्योग वा व्यवसायहरु

२०७७ चैत्र ०५ गते

**आज्ञाले**
**ध्रुव खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**